# कार्यकारी समितिको (मिति २०७४/०५/१६) ८२औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

जिल्लामा देखिएका पुनर्निर्माणसँग सम्बन्धित समस्या सहजीकरणको लागि देहायबमोजिमको उप-समिति गठन गर्ने।

| | |
|---|---|
| स्थानीय विकास अधिकारी | - संयोजक |
| जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा मन्त्रालय) | - सदस्य |
| जिल्ला आयोजना कार्यान्वयन इकाई (शहरी विकास मन्त्रालय) | - सदस्य |
| जिल्ला आयोजना कार्यान्वयन इकाई (संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय) | - सदस्य |
| जिल्ला आयोजना कार्यान्वयन इकाई (संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय) | - सदस्य |
| रा.पु.प्रा. जिल्ला समन्वय समितिको सचिवालय प्रमुख | - सदस्य सचिव |

समितिले आवश्यकता अनुसार अन्य पदाधिकारी आमन्त्रण गर्न सक्नेछ ।

**निर्णय नं. २**

ईन्जिनियरहरुलाई विभिन्न स्थानीय तहमा पठाउने र स्थानीय तहले निजहरुको हाजिरी प्रमाणित गरी पठाईएको प्रमाणित हाजिरी बमोजिम जिल्ला आयोजना कार्यान्वयन इकाईले तलब भुक्तानी गर्ने ।

**निर्णय नं. ३**

घर जग्गा नक्शा सम्बन्धी बर्तमान व्यवस्थामा परिमार्जन गर्न, स्थानीय तहको सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को दफा २३ र अनुसूची ५ मा भएको व्यवस्थामा संशोधन मस्यौदा तयार गर्न, भूकम्पवाट प्रभावित व्यक्तिको पुनर्वास तथा स्थानान्तरणको लागि वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७३ को संशोधन मस्यौदा तयार गर्न र आयोजनामा पर्ने रुख कटान सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरी ३ हप्तामा मस्यौदा बुझाउने गरी देहायबमोजिमको उप-समिति गठन गर्ने ।

| | |
|---|---|
| ध्रुव प्रसाद शर्मा (कार्यकारी समिति सदस्य) | - संयोजक |
| राजुमान मानन्धर (सह-सचिव) | - सदस्य |
| प्रकाश थापा (सह-सचिव) | - सदस्य |
| चन्द्रकान्त पौडेल (उप-सचिव, कानून) | - सदस्य सचिव |

**निर्णय नं. ४**

पुराना दरबारलाई सम्बर्द्धन गर्दै पर्यटकीय प्रयोजनमा सार्वजनिक निजी साझेदारी मोडेलमा लैजाने विषयमा सरोकारवालासँग छलफल, अध्ययन गरी मोडालिटी ३ हप्ता भित्र तय गर्न देहायबमोजिमको उप-समिति गठन गर्ने ।

| | |
|---|---|
| डा.हरिराम पराजुली (कार्यकारी समिति सदस्य) | - संयोजक |
| राजुमान मानन्धर (सह-सचिव) | - सदस्य |
| भीष्म बाँस्कोटा (पुरातत्व अधिकृत) | - सदस्य सचिव |

**निर्णय नं. ५**

भूकम्प प्रभावित क्षेत्रका विभिन्न सम्पदा वस्तीहरुको विभिन्न संस्थाहरुले हालसम्म भए गरेका अध्ययन प्रतिवेदनहरु संकलन गरी कार्ययोजना बनाउन ३ हप्तामा प्रतिवेदन सहित पेश गर्न देहायको उप-समिति गठन गर्ने ।

| | |
|---|---|
| राजुमान मानन्धर (सह-सचिव) | - संयोजक |
| भीष्म बाँस्कोटा (पुरातत्व अधिकृत) | - सदस्य |

# कार्यकारी समितिको (मिति २०७४/०५/२३) ८३औं बैठकका निर्णयहरु

## निर्णय नं. १

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा रिक्त रहेका पदहरुमा पदपूर्तिका लागि विज्ञापन गर्ने र पदपुर्ति नहुँदा सम्म अति आवश्यक पदहरुमा सेवा परामर्श वा करारमा राखि काममा लगाउने।

## निर्णय नं. २

पुनर्निर्माण क्रममा सरकारी भवनहरुको पुनर्निर्माण गर्दा संभव भए सम्म स्थानीय ~~परामर्श~~ परम्परा तथा संस्कृती झल्कने गरी गर्नपर्ने ।

## निर्णय नं. ३

गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ को दफा (९) बमोजिम सिफारिश भई आएका देहायबमोजिमका पुनर्निर्माणसँग सम्बन्धित परियोजनाहरु सम्बन्धित निकायले तोकेको मापदण्डभित्र रही संचालन गर्न स्वीकृति दिने ।

| क्र.सं. | संस्थाको नाम | परियोजना को नाम | परियोजनाको क्षेत्र | परियोजना बिवरण | परियोजना कार्यान्वयन हुने गा .बि. स | बजेट | | | परियोजना अबधि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रशासनिक | कार्यक्रम | जम्मा | |
| १ | Emergency Architects Foundation (EAF) | Training for Retrofitting Houses | Mason Training (Retrofitting Houses) | लमजुङ्ग, चितवन, तनहुँ, खोटाङ्ग, स्याङ्जा, पाल्पा, वाग्लुङ्ग, गुल्मि, सोलुखुम्बु, कास्की, पर्वत, म्याग्दि, नवलपरासी, भोजपुर, धनकुटा र शंखुवासभामा १६०० मजदुर र १६० इन्जिनियरलाई घर प्रवलीकरणसम्बन्धी तालीम प्रदान गरिने | १६ जिल्लाः लमजुङ्ग, चितवन, तनहुँ, खोटाङ्ग, स्याङ्जा, पाल्पा, वाग्लुङ्ग, गुल्मि, सोलुखुम्बु, कास्की, पर्वत, म्याग्दि, नवलपरासी, भोजपुर, धनकुटा र शंखुवासभा | १५९३६ यूरो<br>७ प्रतिशत | २२७६५७ युरो<br>९३ प्रतिशत | २४३५९३ युरो | ६ महिना |
| | DM Nepal | भूकम्प पुनर्निर्माण तथा पुनर्स्थापना | नमुना घर निर्माण तथा डकर्मी र सिकर्मी तालीम | १. नमुना घरः ६<br>२. डकर्मीः ५४<br>३. सिकर्मीः ५४ | रसुवा जिल्लाको पार्बतीकुण्ड गाउँपालिका- १ (साविक हाँकु वडा नं. १ देखि ९) | ८,००,०००<br>७ प्रतिशत | १,०४,९९,०६३<br>९३ प्रतिशत | १,१२,९९,०६३ | बैशाख २०७६ |

निर्णय नं. ४

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिको मिति २०७४।३।२८ को बैठकबाट राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको हालको संगठन संरचनामा परिमार्जन भई थप जिल्लाहरुमा समेत कार्यालय खोल्ने निर्णय भएको र पुनर्निर्माणको कार्य छिटो र छरितो रुपमा सम्पन्न गर्न यस प्राधिकरणमा रिक्त रहेको दरबन्दीमा पदपूर्ति गर्ने, विभिन्न निकायबाट सरुवा गर्न सहमति दिने, काज सरुवा गर्ने, कामकाज तोक्ने लगायतका कार्यहरु गर्न सहमति दिन श्री निर्वाचन आयोग नेपाललाई लेखी पठाउने निर्णय गरियो ।

सचिव